# खाद्य सुरक्षा प्रवर्द्धनका लागि कृषि वीमा तथा अनुदानको सान्दर्भिकता

✍ करिश्मा गुरुङ्ग[1] र कमल भण्डारी[2]

## १. पृष्ठभूमि

नेपाल सरकारद्वारा खेतीपातीमा किसानको लागत कम गर्न र उत्पादनमा जोखिम न्यून गर्न ल्याइएका अनुदान तथा वीमाका प्रावधानले किसानको जीवनस्तर उकास्न र स्थानीय स्तरमा खाद्य सुरक्षा प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिए तापनि यस्ता कार्यक्रमको प्रभावकारितासँगै जोडिएका कार्यान्वयनका चुनौतीको अध्ययन तथा खोजी गरी उपयुक्त बाटो पहिल्याउन पहल गर्नुपर्ने देखिन्छ। अध्ययनका क्रममा विभिन्न जिल्लामा छलफल गर्दा आएका कार्यान्वयनका अवस्था र सुधारका लागि सल्लाह सुझावलाई आधार मानी यो लेख तयार पारिएको छ। समूहगत छलफलका क्रममा प्रत्येक जिल्लाका विभिन्न गाउँ विकास समितिका सहकारीका अध्यक्ष, कृषि कार्यमा प्रत्यक्ष रूपमा सरोकार राख्ने संस्थाका प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघका सदस्य र कृषकको विचार एवं अनुभवलाई समेत आधार मानिएको छ। यो लेखको लागि आवश्यक समूहगत छलफल वि.सं. २०७३ मा आठवटा जिल्ला (उदयपुर, मकवानपुर, नवलपरासी, अर्घाखाँची, कपिलवस्तु, डडेलधुरा, बैतडी र दार्चुला) मा गरिएका हुन्। स्रोत सामग्रीको समीक्षा र सूक्ष्म अध्ययनपछि तयार पारिएका वीमा तथा अनुदानका कार्यविधिको प्रस्तुतिपछि सबैका धारणा, विचार एवं बुझाइ र त्यसबाट आएका चुनौती र सल्लाह सुझावलाई यसमा विश्लेषण गरिएको छ। छलफलका लागि छानिएका सबै जिल्लामा यस्ता प्रक्रिया अपनाएर यी कार्यविधिमा खड्किएका पक्षलाई चुनौतीको रूपमा प्रस्तुत गरी कार्यान्वयनका लागि सल्लाह सुझाव समेत उल्लेख गरिएको छ।

देशको कुल ग्रार्हस्थ्य उत्पादनको ३३.१ प्रतिशत हिस्सा ओगटेको कृषि क्षेत्र नेपाली अर्थतन्त्र ढाकेको एक महत्वपूर्ण पाटोको रूपमा रहेको छ। ६५.७% नेपालीको जीवनयापनको मुख्य माध्यमको रूपमा कृषि रहेको पाइन्छ (कृषि विकास मन्त्रालय, २०७३)। यहाँको कृषिको प्रमुख विशेषता परम्परागत र निर्वाहमुखी खेती प्रणाली रहेकोमा अधिकतम जमिन पहाडी भेगले ओगटेकोले भौगोलिक भूबनोटमा जटिलता रहेको छ। वर्तमान कृषिको अवस्था हेर्ने हो भने कृषि पेशालाई हेर्ने हेयपूर्ण सामाजिक दृष्टिकोण, बजार तथा उचित मूल्य अभाव, युवाहरुको बढ्दो विदेश पलायन, परनिर्भरता र आयातमुखी कृषि, बढ्दो खाद्य असुरक्षा, बदलिँदो जलवायु परिवर्तन आदि समस्याका रूपमा देखिएका छन्। कृषि विकासको लागि स्थान र कृषक सुहाउँदो उन्नत प्रविधि, गुणस्तरीय कृषि सामग्रीको समयमा नै व्यवस्था, कृषि उपज बेचबिखन गर्न व्यवस्थित कृषि बजारको संरचना साथै उपयुक्त कृषि सम्बन्धी नीति नियमको आवश्यकता पर्दछ। कृषकहरुलाई कृषि तथा पशुपालन व्यवसायमा उन्नत प्रविधि बनाउन, आफ्नो व्यवसायमा संलग्न कृषकको आत्मविश्वास बढाउन उनीहरुको क्षमता अभिवृद्धिमा जोड दिन सरकारी तथा गैर सरकारी निकायको भूमिका धेरै महत्वपूर्ण छ। अर्कोतिर कृषकहरुले राज्यबाट पाउने विभिन्न सेवा, सुविधा जस्तै अनुदान, वीमा, बजार व्यवस्थापन, प्रविधि र प्राविधिक सहयोगसँग सम्बन्धित राज्यका विद्यमान कार्यनीतिबारे नेपालका अधिकांश साना किसानले सूचना पाएका छैनन् साथै यस्ता सेवा सुविधामा महिला, विपन्न, दलित र सीमान्तकृत किसानको पहुँच पुग्न सकेको छैन। किसानको हकहितलाई सुनिश्चित गर्न कृषि तथा पशुको जोखिमलाई न्यून गरी सरकारले कृषि तथा पशुमा वीमा र अनुदानको प्रावधान ल्याएको छ। वीमा तथा अनुदान सम्बन्धी जानकारीका लागि

१ लेखक फरेष्टएक्सन नेपालमा कृषि अनुसन्धानकर्ताका रुपमा कार्यरत हुनुहुन्छ। सम्पर्क: karishma@forestaction.org

२ लेखक फरेष्टएक्सन नेपालमा तालिम तथा वकालत विषेशज्ञका रूपमा कार्यरत हुनुहुन्छ।

विभिन्न सरकारी अभिलेख भए तापनि कृषकसमक्ष सरल र सहज रूपले प्रवाह हुन नसक्नाले यी व्यवस्थाको लक्षित उद्देश्य प्राप्त गर्न सकिएको छैन । विशेषगरी सरकारले ल्याएको कृषि तथा पशु बीमा नीति, अनुदानका सरकारले २०७० देखि २०७३ सम्म कृषिको उन्नतिका लागि तयार पारेका ५१ वटा कार्यविधि, दुईवटा दिग्दर्शन, आठवटा नीति, आठवटा निर्देशिका, एक कार्ययोजना, एक नियमावली र एक मार्गदर्शन मध्ये १६ वटा कार्यविधिको विश्लेषण सल्लाह सुझाव तथा खड्किएका अप्ठ्यारालाई संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको गरी यसको कार्यान्वयनमा आएका जटिलतालाई कसरी सरल बनाउन सकिन्छ भन्नेबारेमा कृषकका सुझावलाई मध्यनजर गरी यो लेख तयार गरिएको छ । यो लेखले किसानको बुझाइको स्तरमा यी व्यवस्थाप्रतिको जागरुकतालाई अभिवृद्धि गर्नुका साथै विभिन्न जिल्लामा छलफलका क्रममा आएका जनपक्षीय आवाजलाई नीति निर्माण गर्ने तहसम्म पुऱ्याउन टेवा दिने विश्वास लिइएको छ ।

यस लेखको प्रस्तुतिमा सबैभन्दा पहिले वीमा तथा अनुदानको संक्षिप्त परिचय, प्रावधान र कार्यान्वयनका मुख्य चुनौतीबारे विश्लेषण गरिएको छ भने दोस्रो भागमा यी कार्यान्वयनका लागि देखिएका चुनौती र नीतिगत सुधार तथा सफल कार्यान्वयनका लागि आएका सल्लाह सुझावलाई विश्लेषण गरिएको छ । यस अध्ययनअनुसार मुख्य चुनौतीमा सूचना प्रवाहको भरपर्दो माध्यम नहुनु, सतही र अव्यावहारिक कार्यविधि, कठिन मापदण्ड एवं शर्त, प्रक्रियागत जटिलता, तोकिएको न्यून रकमभन्दा प्रक्रिया महँगो, प्राविधिक सेवा र बजारको अनिश्चितता, ठूला र पढेलेखेका व्यक्तिको हितलाई मात्र ध्यानमा राखिएको आदि पर्दछन् । त्यस्तै आएका सल्लाह सुझावमा गाउँ/गाउँमा यीसम्बन्धी सूचना प्रवाह गर्ने भरपर्दो माध्यम हुनुपर्ने, प्राविधिक सेवा र बजारको सुनिश्चितता, साना र विपन्न किसानको हितलाई ध्यानमा राखी शर्त तथा प्रक्रियामा पुनर्विचार गर्नुपर्ने, स्थानीय बीउको प्रवर्द्धन र भूगोलमैत्री कृषिलाई विशेष जोड दिने खालका कार्यक्रम ल्याउनुपर्ने आदि रहेका छन् । नीतिगत सुधारका साथ कार्यान्वयन पक्षको जटिलतालाई सहज बनाउँदै साना तथा सीमान्तकृत किसानको पहुँचमा यस्ता कार्यक्रम ल्याउन सकेमा मात्र हरेक वर्ग खाद्यमा सुरक्षित हुने देखिन्छ ।

## २. सन्दर्भ

विश्वव्यापी रूपमा कृषि अनुदानको इतिहास हेर्ने हो भने १९ सौं शताब्दीको अन्त्य र २० सौं शताब्दीको पूर्वाधतिर संयुक्त राष्ट्रहरु व्यापक औद्योगिकरणमा लागेपछि संयुक्त राष्ट्र अमेरिकाको कृषि खस्कँदै गयो । त्यसपछिको प्रथम विश्वयुद्धले यस अवस्थालाई थप जटिल बनाउँदै कृषि उपजको मूल्य घट्ने क्रम बढ्न थाल्यो । किसानहरुको खस्कँदो आर्थिक अवस्थालाई उकास्न र युद्धअघिकै अवस्थामा फर्कन Agricultural Adjustment Act (1933) ल्याइयो र उत्पादन, निर्यातित तथा घरेलु उपजको खरिदमा अनुदान उपलब्ध गराउन सुरु गरियो (Hurt, R.D. 2010; Stuart, K. and Runge, C.F. 1997) ।

त्यसैगरी युरोपका राष्ट्रको प्रसंग जोड्दा यी राष्ट्रमा दोस्रो विश्वयुद्ध पछि मात्र कृषिमा अनुदान दिन सुरु गरियो । कम आय भएका किसानको खेतीपाती गर्ने सामर्थ्य बृद्धि गर्न र बजारलाई स्थिर राख्न अनुदानको प्रावधान ल्याइएको थियो । कृषि अनुदानको कार्यान्वयनको लागि सन १९६२ मा लक्षित उद्देश्य प्राप्त गर्न साझा कृषि नीति Common Agricultural Policy (CAP) ल्याइयो (Sumner, D. A. 2007)।

त्यसैगरी छिमेकी राष्ट्र भारत र चीनको सन्दर्भ हेर्दा भारतमा कृषिमा अनुदान सम्बन्धी नीति सन १९६० मा र चीनमा सन १९९० मा सुरु भएको पाइन्छ । ९० को दशकतिर चीनले लागत सामग्री खरिद, निर्यात तथा भण्डारणका लागि अनुदान दिने नीति ल्यायो तर यी नीति खर्चिलो हुनुको साथै लक्षित वर्गसमक्ष पुग्न सकेन । सन २००४ मा चीनले राष्ट्रिय स्तरमै पहिलो प्रत्यक्ष अनुदान किसानलाई दिन सुरु गऱ्यो । हरित क्रान्तिको सुरुवातसँगै भारतमा पनि सिंचाइ र मलको माग बढ्दै जाँदा भारत सरकारले यी कुरालाई प्राथमिकतामा राख्दै अनुदान उपलब्ध गराउन सुरु गऱ्यो । हाल आएर सिंचाइ र मलबाहेक कृषि औजार,

मल तथा निर्यातमा समेत अनुदान उपलब्ध गराउँदै आएको छ (Rajwinder Kaur, R. and Sharma. M. 2012.)।

विश्व परिप्रेक्ष्यमा अनुदान वितरण सम्बन्धी विभिन्न बहसका धार रहेका छन्। एकथरी धारअनुसार, विकसित राष्ट्रमा वितरण भइरहेको अनुदानको प्रत्यक्ष प्रभाव विश्वव्यापी बजारमा पर्ने हुनाले विकासोन्मुख राष्ट्रले बजारमा प्रतिष्पर्धा गर्न नसक्ने अवस्था रहन्छ। तसर्थ यस अवस्थामा अनुदान वितरण गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ भन्ने विचार रहेको पाइन्छ। अर्काथरी वैचारिक धारअनुसार, अनुदान वितरण अत्यधिक गरियो भने कर तिर्ने वर्ग, उपभोक्ता र किसानलाई समेत नकारात्मक असर पर्न सक्दछ। अनुदानका रूपमा पाएका मल तथा विषादीको अत्यधिक प्रयोगले माटो, पानीको सतह र वातावरणमा प्रत्यक्ष प्रभाव पर्ने हुनाले अनुदान दिनुहुँदैन भन्ने धार पनि रहेको पाइन्छ (Steve Wiggins, S. and Brooks, J. 2010)। नेपालजस्तो विकासोन्मुख राष्ट्रको लागि भने अनुदानजस्ता कार्यक्रम अझ पनि सान्दर्भिक देखिन्छ। खेतीपातीप्रति युवा पुस्ताको घट्दो रुचि, बढ्दो लागत, कम आम्दानीसँगै बढ्दो आयातजस्ता परिप्रेक्ष्यमा किसानलाई प्रदान गरिने अनुदान राष्ट्रको कृषि क्षेत्रको समुन्नतिका लागि आवश्यक छ।

कृषि क्षेत्रमा मुख्यतः दुई प्रकारका जोखिमको कुरा आउँछ, पहिलो मूल्यको घटबढले गर्दा मूल्यमा आउने जोखिम र दोस्रो भनेको उत्पादनको मात्राबारे अनिश्चितताले गर्दा उत्पादनमा आउने जोखिम। विश्वव्यापी रूपमा भइरहेको व्यापारको उदारीकरणले गर्दा मूल्यमा जोखिम र जलवायु परिवर्तनले गर्दा उत्पादनमा जोखिम बढ्ने सम्भावना भविष्यमा अझ धेरै रहेको छ। कृषि क्षेत्रमा जोखिमले किसानलाई मात्र नभएर मूल्य श्रृंखला अभिवृद्धिका क्षेत्रसँग सम्बन्ध राख्ने सम्पूर्णलाई प्रत्यक्ष असर गर्ने देखिन्छ। कृषि क्षेत्रमा जोखिम न्यूनीकरण विभिन्न प्रकारले गरेको पाइन्छ। क्षति हुन सक्ने सम्भावित बाली नलगाएर, उपयुक्त अवस्थामा मात्र बाली लगाएर अथवा क्षति न्यून गर्न आवश्यक पूर्वाधारको प्रयोग गरेर आदि। यीबाहेक, जोखिमको आंशिक वा पूर्ण भाग वीमा सम्झौताद्वारा तेस्रो पक्षमा हस्तान्तरण गरेरसमेत कृषि क्षेत्रमा जोखिम न्यून गरिन्छ। यस प्रकारले जोखिम न्यून गर्ने पद्धति हाम्रो देशमा पनि सरकारले वीमा ऐन २०४९ को दफा ८ (घ-२) ले दिएको अधिकार प्रयोग गरी वीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपक्षी वीमा निर्देशन, २०६९ जारी गरी वि.सं. २०६९ माघ १ गतेदेखि लागू गरेको छ।

## ३. अनुदान र वीमाका प्रावधान

विभिन्न आर्थिक तथा प्राविधिक सरसहयोगमार्फत खेतीपातीमा लागत खर्च कम गर्न किसानका लागि ल्याइएको सुविधालाई नै अनुदान भनिन्छ। किसानको जीवनस्तर उकास्ने, दिगो कृषि विकास मार्फत खाद्यान्नमा आत्मनिर्भर गराउने, निर्वाहमुखी जीवन पद्धतिबाट व्यावसायिकता तर्फ उन्मुख गराउनेजस्ता उद्देश्यसहित सरकारले विविध क्षेत्रमा अनुदानको व्यवस्था गरेको छ। ५१ वटा कार्यविधि मार्फत विभिन्न संघसंस्था, सहकारी तथा कृषकलाई लक्ष्य गरी अनुदानको व्यवस्था गरिएको छ (कृषि विकास मन्त्रालय)। गोठ निर्माण/पुनः निर्माण सहयोग, खेतीयोग्य बाँझो जग्गालाई उपयोग, सीमान्तकृत समुदाय लक्षित कार्यक्रम, महिलाद्वारा सञ्चालित तथा व्यवस्थित एकीकृत कृषि फार्म, हाइटेक ग्रीन हाउस निर्माण, युवालाई व्यावसायिक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान, प्राङ्गारिक मल अनुदान, कृषि यान्त्रीकरण अनुदान, चिलिङ भ्याट, मिल्क एनालाइजर, व्यावसायिक पशुपालन (गाईभैंसी) फार्म, जग्गा भाडामा लिई व्यावसायिक खेती, पशु गोठ सुधार तथा घाँसे बाली उत्पादन प्रवर्द्धन, दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम, कृषि विभागअन्तर्गत सञ्चालन हुने युवा लक्षित कार्यक्रम, पशु सेवा विभागअन्तर्गत सञ्चालन हुने युवा लक्षित कार्यक्रम, कृषक समूह/सहकारी मार्फत प्राङ्गारिक (भर्मिकम्पोष्ट), मौरी, च्याउ, रेशम कार्यक्रम आदि क्षेत्रमा सरकारले अनुदानको व्यवस्था गरेको छ।

सरकारबाट बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० स्वीकृत भएको छ। सरकारद्वारा विभिन्न शीर्षकअनुसार

अनुदानका लागि शर्त राखिएका छन् । यस निर्देशिकाका मुख्य उद्देश्य भनेको कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यून गरी कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षण गर्न सहयोग गर्ने, कृषिको व्यवसायीकरणका लागि जोखिम न्यून गरी कृषकले माछा, पशुपक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षा गर्न सहयोग गर्ने तथा कृषि क्षेत्रमा निजी तथा सरकारी क्षेत्रको लगानी आकर्षण गर्न सहयोग गर्ने रहेका छन् ।

सामान्य अर्थमा वीमा भनेको भविष्यमा हुन सक्ने विभिन्न किसिमका जोखिमलाई एक पक्षबाट अर्को पक्षमा हस्तान्तरण गर्ने एउटा प्रक्रिया हो । यसैगरी वीमा कम्पनी र वीमा गराउने व्यक्ति, परिवार, कृषक समूह, कृषक समिति वा कृषक सहकारी बीच गरिएको लिखित करार हो- जसमा वीमित (वीमा गराउने व्यक्ति वा समूह) पक्षले भविष्यमा निश्चित जोखिम भएमा क्षतिपूर्ति पाउने उद्देश्यले निश्चित रकम तोकिएको समयमा तिर्ने कबोल वीमक (वीमा कम्पनी) सँग गरेको हुन्छ । वीमक पक्षले हानि नोक्सानी भएमा पूर्व निर्धारित शर्त (वीमा लेख)अनुसार क्षतिपूर्ति दिने कबुल गरेको हुन्छ । कृषि वीमा निर्जीवन वीमा व्यवसाय अन्तर्गत गरिन्छ- जसमा खेती गरिएको खाद्यान्न, तरकारी, फलफूल, नगदे बाली, औद्योगिक बाली, मत्स्यपालन, मौरीपालन, रेशमखेती, च्याउ खेतीलगायत विभिन्न प्रकारका बाली र घरपालुवा पशु तथा पक्षीको जोखिम सुरक्षणको लागि गरिन्छ ।




**चित्र १. कृषि वीमाले रक्षावरण गर्ने जोखिम**

जोखिमबाट हुन सक्ने सम्भावित जोखिम न्यून गरी कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षण गर्न, कृषकले गरेको लगानीलाई सुरक्षा गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्ने उद्देश्यले वीमा कार्यक्रम ल्याइएको हो । (बाली तथा पशुपक्षी वीमा ऐन नियम संगालो, कृषि विकास मन्त्रालय) । यसका लागि सरकारले विभिन्न समयमा तल उल्लेखित प्रावधानको व्यवस्था गरेको छ-

वीमा ऐन, २०४९ को दफा ८ (घ-२) ले दिएको अधिकार प्रयोग गरी वीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपक्षी वीमा निर्देशन २०६९ जारी गरेको छ ।

शासकीय तथा आर्थिक सुधारको कार्ययोजना २०६९ को कृषि क्षेत्र विकास सम्बन्धी बुँदा ११ मा माछा, पशुपक्षी र कृषि उपजको व्यावसायिक उत्पादनमा जोखिम वीमा गरिदिने र सो वीमाको ५० प्रतिशत अनुदान सरकारले दिने भनी उल्लेख गरको छ ।

यसैगरी अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०६९/७० को आयव्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा न. ३० मा समेत कृषिको व्यवसायीकरणका लागि जोखिम न्यून गरी कृषकले माछा, पशुपक्षी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षा गर्न २०६९ माघ १ गते लागू भएको माछा, पशुपक्षी र बाली वीमा कार्यक्रममा सहभागी कृषकले तिरेको वीमा प्रिमियम बापतको ५० प्रतिशत रकम नेपालले व्यहोर्ने गरी बजेट विनियोजन भएअनुसारको कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरेको छ ।

सुशासन ऐन २०६४ ले दिएको अधिकार प्रयोग गरी सरकारले बाली तथा पशुधन वीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका २०७० लागू गरेको छ ।

वीमा ऐन २०४९ को दफा ८ (घ२) ले दिएको अधिकार प्रयोग गरी वीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपक्षी वीमा निर्देशन, २०६९ जारी गरी वि.सं. २०६९ माघ १ गते देखि लागू भएको हो ।

कृषकका जोखिम जस्तै बाढी, पहिरो, आगलागी, खडेरी लगायत अन्य विपत्तिबाट हुन सक्ने सम्भावित जोखिम न्यून गरी कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षण गर्न, कृषकले गरेको लगानीलाई सुरक्षा गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षण गर्ने उद्देश्यले वीमा कार्यक्रम ल्याइएको हो । यसका लागि सरकारले बाली तथा पशुपक्षी वीमा निर्देशन, २०६९ लागू गरेको छ । वीमासम्बन्धी नीतिगत व्यवस्था भने राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६९, शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना २०६९ र अर्थ मन्त्रालयले २०६९/७० देखि २०७३/७४ को बजेट वक्तव्यमार्फत वीमाको व्यवस्था गरेको छ ।

साधारण भाषामा वीमाका शर्त भन्नाले वीमक र वीमा गर्ने कम्पनी बीच गरिएको सम्झौता भन्ने बुझिन्छ । २०६९ मा जारी गरेको वीमा निर्देशनमा अन्नबाली, फलफूल, तरकारी, माछा, पशुपक्षीको वीमा गर्न चाहनेले वीमा गर्नुअघि पूरा गर्नुपर्ने भन्ने बुझिन्छ । कृषि तथा पशुजन्य उपजका आधारमा वीमाका भिन्नाभिन्नै शर्त राखिएका छन् ।

## ४. अभ्यासको सिकाइ र छलफल

कृषि तथा पशुमा प्राप्त गर्न सकिने अनुदानको कार्यान्वयनका लागि केही अप्ठ्यारा तथा चुनौती देखिन्छन् । अनुदानका लागि भरपर्दो सूचनाको माध्यम नभएकोले अधिकांश किसानमा यससम्बन्धी चेतनाको अभाव छ । सरकारले ल्याएका कृषि तथा पशुक्षेत्रका अनुदानबारे धेरै कृषक अनभिज्ञ छन् । यस्ता सूचना कृषि र पशु कार्यालय अथवा रेडियो तथा पत्रपत्रिकाबाट पाउन सकिने भनिएता पनि यी माध्यमको पहुँच हुने किसानमा मात्र केही मात्रामा अनुदानको ज्ञान भएको देखिन्छ । कार्यविधिको अध्ययनपछि लेखपढ गर्न सक्ने र विश्लेषण गर्न सक्ने क्षमता भएका व्यक्तिलाई समेत अर्थ लगाउन दोहोऱ्याएर पढ्नुपर्ने अवस्थामा साधारण कृषकको बुझाइभन्दा बाहिर रहने कुरा निश्चित देखिन्छ ।

अनुदान प्राप्त गर्न विभिन्न शर्त राखिएका छन् । अनुदानका शर्त भन्नाले तोकिएको अनुदान पाउन विभिन्न संघसंस्था, सहकारी तथा कृषकले पालना गर्नुपर्ने नियमलाई जनाउँछ । कठिन मापदण्डहरु राखेर वीमा तथा अनुदानका प्रक्रियालाई थप जटिल बनाइएको छ । साथै क्लिष्ट भाषाका प्रयोग र अनुसूचीमाथि अनुसूची थपेर बढाइएको जटिलताभित्र रहेका कार्यविधिमा भएअनुसारको प्रस्तावना लेख्न सक्ने अवस्था सामान्य कृषकमा देखिँदैन । सामान्य अवस्थामा व्याप्त अशिक्षाको कारणले उल्लेखित प्रस्तावनाको तयारी सम्भव छैन । यसले गर्दा ठूला र पढेलेखेका किसानको हितलाई मात्र ध्यानमा राखिएको स्पष्ट हुन्छ ।

यसबाट वास्तविक किसानभन्दा पनि तोकिएका मापदण्ड पुऱ्याउन सक्षम किसानमात्र लाभान्वित

भएको पाइएको छ । प्रायः सबैजसो अनुदान प्राप्त गर्नका लागि कृषि सहकारीमा आबद्ध भएकै हुनुपर्ने मापदण्डले थप जटिलता थपेको पाइन्छ । कृषिसम्बन्धी अनुदानको हकमा सरकारले तोकेअनुरूपकै प्रशस्त खेतीयोग्य जमिन हुनै पर्ने र पशुसम्बन्धी अनुदानको हकमा तोकिएकै मात्राकै पशु नभएसम्म अनुदान प्राप्त गर्न नसकिने अवस्थाले यस्ता सुविधा कागजमा सीमित हुने देखिन्छ । मापदण्डकै रूपमा राखिएका आवश्यक कागजातमा नागरिकता र लालपुर्जा अनिवार्य भनेर प्रायमा तोकिएको छ । यस्तो अवस्थामा गुठीको जमिन उपभोग गरिरहेका तथा विविध कारणले नागरिकताको पहुँचबाट छलिएका किसान भने यी सुविधाका हकदार नहुने स्पष्ट देखिन्छ । प्रायजसो सबै अनुदानका कार्यविधि अनुसार ठूला र व्यावसायिक फार्मलाई प्राथमिकता दिइने भनिएको छ र कम्तीमा पनि तोकिएकै मात्राको जमिन हुनुपर्ने शर्त राखिएको छ । नेपालजस्तो भौगोलिक विकटता भएको देशमा तोकिए अनुसारको जमिन पाउन नसकिने साथै चक्लाबन्दीको कारणले पनि एकै स्थानमा ठूलो परिमाणको खेतीयोग्य जमिन नपाइने देखिन्छ । त्यस्तै जग्गा भाडामा लिने कार्यविधि पनि व्यावहारिकतालाई ध्यानमा नराखी बनाइएका छन् । शर्तमा तोकिए अनुसारकै जग्गा भाडामा पाउन नसकिने अवस्था एकातिर छ भने जग्गाधनीले पनि भनिए अनुसारको सम्झौता गर्न राजी नहुने समस्या पनि देखिन्छ । व्यावसायिक पशुपालनका लागि ल्याइएको कार्यविधिमा पनि मझौला र ठूला व्यवसायलाई मात्र प्रोत्साहन गरिएको छ । कम्तिमा पनि ५ देखि ६ वटा दुधालु भैंसी अथवा ११ देखि १५ वटा दुधालु गाई हुनै पर्ने शर्त सामान्य अर्थमा सम्भव देखिँदैन । तोकिएको संख्याको गाई तथा भैंसीले एकै समयमा कसरी दूध दिन कसरी सक्छ भन्ने प्रश्न आफैंमा सोच्नुपर्ने छ । यी उदाहरणबाहेक पनि प्राय सबैजसो कार्यविधि अनुसारका मापदण्ड सतही र अव्यावहारिक रहेको पाइन्छ ।

उदाहरणका लागि, व्यावसायिक पशुपालन फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि २०७१ अनुसारः पाँचवटादेखि १० वटासम्म दुधालु गाई वा भैंसी पालन गरेको, पहाडमा तीन रोपनी र तराईमा ४.५ कठ्ठा जग्गामा घाँस लगाएको, ५० प्रतिशत रकम कृषक स्वयंले खर्च गर्नुपर्ने, तीन वर्षदेखि सरकारी वा गैर सरकारी संघ संस्थाबाट ५० हजारभन्दा माथिको वस्तु तथा नगद अनुदान प्राप्त नगरेको, फार्म दर्ता गरेको प्रमाण पत्र, VAT/PAN को प्रमाणपत्र, सूचना प्राप्त भएको मितिले ३० दिनभित्र राष्ट्रिय दुग्ध विकास बोर्डमा प्रस्तावना पेश गर्नुपर्ने, अनुदानको सूचना दुग्ध विकास बोर्डको सूचना पाटी तथा website मा हेर्नुपर्नेजस्ता शर्त साधारण किसानको पहुँचभन्दा पर देखिन्छन् ।

अनुदानका लागि तोकिएको रकमले उद्देश्य अनुसारको प्रतिफल पाउन नसकिने अवस्था रहेको छ । कार्यविधि अनुसारको प्रक्रियागत जटिलताले गर्दा किसानमा समय र आर्थिक भार अत्यधिक पर्ने देखिन्छ । लामा प्रक्रिया पूरा गर्नका लागि तोकिएको स्थानमा दिनहुँ जाँदा र आउँदाको खर्च धान्न सामान्य किसानको हकमा देखिदैन ।

> उदयपुर, कटुन्जेकी विभा राई भन्छिन्- "बाखाको फर्म खोल्न लागेको झन्झट रहेछ । पहिला ५० वटा न्यूनतम बाखा पाल भन्यो, जान आउन ४०-५० हजार खर्च गर्दा पनि दर्ता गर्न सकेको छैन, यता जाऊ उता जाऊ भन्छन् ।

अनुदानका न्यून रकमले व्यावसायिक कृषि कुनै पनि हिसाबले सम्भव नरहेको अधिकांश किसानको गुनासो छ । लक्षित वर्ग भनेर गरिब, भूमिहीन, मुक्त कमैया आदिलाई मानिएको छ- जसलाई केवल ५०% अनुदान दिने प्रावधान रहेकोमा बाँकी ५०% रकम आफैं जुटाउन सम्भव छैन । गरिबी र अशिक्षा जस्ता समस्या हुँदा आर्थिक अभावले गर्दा व्यवसायको रूपमा सुरु गर्न सामान्य किसानले बढी लगानी जुटाउन सक्दैनन् ।

अनुदान प्राप्त गरेपछिका जटिल समस्यालाई वास्ता नगरी सतही रूपमा कार्यविधि ल्याइएका छन् । प्राविधिक सहयोग नपाउनु, बजार व्यवस्थापन नहुनु, आवश्यक पूर्वाधारको अभाव, गुणस्तरीय मल तथा बीउको अभाव आदि कारणले यी कार्यक्रमको प्रभावकारितालाई कम गर्ने सक्ने देखिन्छ । हरेक

प्रकारको कृषि तथा पशुसम्बन्धी व्यवसाय गर्नको लागि उचित प्राविधिक ज्ञानको आवश्यकता पर्ने हुनाले प्राविधिक ज्ञान र सेवाको कमीले गर्दा लक्षित उद्देश्य प्राप्त गर्न सकिँदैन । अनुदानका कतिपय कार्यक्रम प्राविधिक रूपले जटिल भएकाले सामान्य किसानले शब्दको अर्थसमेत लगाउन नसक्ने देखिन्छ । आईपीएम, हाइ टेक ग्रीन हाउस, भर्मिकम्पोष्ट, भकारो सुधार जस्ता प्राविधिक शब्दावलीको अर्थका साथै ज्ञानसमेत सोहीअनुसारले दिनुपर्ने देखिन्छ ।

कार्यविधिमा अव्यावहारिक पूर्वाधारका शर्त (बाटो र मोहडाजस्ता) ले गर्दा मापदण्ड पुऱ्याउन सम्भव देखिँदैन । उदाहरणका लागि, एकै ठाउँमा पर्याप्त जमिनको व्यवस्था गर्न गाह्रो भएको, पहाडी क्षेत्रमा साना किसानले जग्गाको क्षेत्रफलको शर्त पूरा गर्न नसक्नु, यातायाताको सुविधा भएको ठाउँलाई मात्र प्राथमिकता भनेर तोकिएको जस्ता मापदण्डका कारण अधिकांश कृषक यो सुविधाबाट वञ्चित हुनुपरेको छ । नेपालजस्तो अधिकांश हिमाल तथा पहाडले ओगटेको देशमा भौगोलिक बनावट (दक्षिण-पश्चिम/पूर्व–दक्षिण/मोहडा भएको) हावापानी उपयुक्त हुने तरकारी बाली, सिंचाइ सुविधा र यातायात सुविधा भएको वा सडक बाटोसम्म ढुवानी गर्न नजिकको पैदल दूरीमा हुनुपर्ने) सीमा शर्तको रूपमा राख्नु कति सान्दर्भिक हुन्छ- योछलफलको विषय हुनुपर्छ ।

किसानको वर्गीकरणको आधारमा वास्तविक किसानको परिभाषालाई नखुलाइएसम्म लाभान्वित हुनुपर्ने वर्ग सधैं वञ्चित भइरहनुपर्ने र टाठाबाठाले मात्र फाइदा लिइरहने प्रवृत्ति रहने देखिन्छ । एक कठ्ठा जमिन भएको पनि किसान, ठूला जमिनदार पनि किसान, जागिर गर्ने पनि किसान, व्यापार गर्ने पनि किसान भनिने अवस्थामा वास्तविक किसान ओझेलमा पर्ने अवस्था रहेको पाइन्छ ।

### पशु वीमाको पीडा

अर्घाखाँची जिल्ला हंसपुर गा.वि.स.-७ वामरुकको २७ जनाको फूलबारी बाखापालन कृषक समूहले जम्मा एक सय ७० वटा बाखा पालन गर्दै आएको छ । किसानका लागि उन्नत बिउबीजन कार्यक्रमको आर्थिक सहयोगमा गरिएको बाखापालन कार्यक्रममा एक कृषकसँग पाँचवटा भन्दा बढी बाखाका माउ रहेका छन् । वीमा गरिएका ४० वटामध्ये अचानक दुईवटा बाखा मरेपछि हंसपुर पशुसेवा केन्द्रका प्रमुख सहित गाउँलेलाई राखेर सर्जमिन गरेर मरेका बाखाको फोटो सहित आवश्यक कागजात सेवा केन्द्रमार्फत वीमा गरेका इन्सुरेन्स कम्पनीमा पठाएको चार महिना हुँदासम्म वीमाको शर्तअनुसार को भुक्तानी पाउन नसकेको र पटक/पटक पहल गर्दा पनि कम्पनीले बेवास्ता गरेको छ । सेवा केन्द्रका प्रमुखले भने रकम आउँछ भन्दै आश्वासनमात्र दिने काम गरेका छन् भन्छन् गोविन्दराज रेग्मी । यसरी वीमा गरिएको बाखा मरेर चार महिना बितिसक्दा पनि रकम नपाएपछि गाउँका अरु किसानमा वीमा गर्ने जोशजाँगर हराउँदै गएको छ ।

- गोविन्दराज रेग्मी, अर्घाखाँची, हंसपुर

अनुदानमा जस्तै बाली तथा पशुधनको वीमा गर्नका लागि विभिन्न शर्त राखिएका छन् । वीमाका शर्त भन्नाले २०६९ मा जारी गरेको वीमा निर्देशनमा अन्नबाली, फलफूल, तरकारी, माछा, पशुपक्षीको वीमा गर्न चाहने वीमकले वीमा गर्नुअघि पूरा गर्नुपर्ने आधार र वीमक तथा वीमा गर्ने कम्पनी बीच गरिएको सम्झौता भन्ने बुझिन्छ । वीमाबारे जानकारी किसान माझ पुग्ने भरपर्दो माध्यम नहुँदा अझै पनि अधिकांश किसान वीमा, यसका प्रावधान तथा प्रक्रियाबारे

अनभिज्ञ छन् । गाउँ/गाउँबाट कृषि कार्यालय तथा सेवा केन्द्रका सूचना पाटीमा गएर वीमा सम्बन्धी जानकारी किसानले लिन सकेका छैनन् । वीमा के हो, यसको आवश्यकता किन पर्‍यो, बाली तथा पशुपक्षी वीमाअन्तर्गत कुन/कुन बाली तथा पशुपक्षी पर्दछन्, यस वीमा कार्यक्रममा कतिवटा वीमा कम्पनीहरु संलग्न छन्, को मार्फत गराउनुपर्छ, कति प्रिमियम (वीमा शुल्क) लाग्छ, प्रिमियम (वीमा शुल्क)मा कति प्रतिशत सरकारले अनुदान दिन्छ, वीमाका लागि तराई तथा पहाडमा कति क्षेत्रफलमा खेती गरिएको हुनुपर्ने, क्षति भएमा सूचना दिने, दाबी प्रक्रिया, भुक्तानी (आंशिक/पूर्ण) को व्यवस्था के कस्तो छ भन्नेजस्ता वीमा सम्बन्धी आधारभूत जानकारी किसानलाई छैन र यस्ता जानकारी किसानमाझ पुर्‍याउने भरपर्दो माध्यम नहुँदा वीमाबाट अधिकांश किसान लाभान्वित हुन सकेका छैनन् ।

समयमा प्राविधिक उपलब्धता नहुँदा गाउँका किसानले सामान्य रूपमा पशुधनलाई तन्दुरुस्त राख्नको लागि आफ्नो पशुको स्वास्थ्य जाँच गराउनुपर्ने शर्तको पालना गर्न नसक्ने देखिन्छ । सेवा केन्द्र अथवा जिल्लामा पुग्नका लागि समय र शुल्कले नभ्याउने अवस्थामा गाउँमा प्राविधिक उपलब्ध नहुँदा जाँच गराउन शर्तमा तोकिए बमोजिम सहज देखिँदैन ।

सक्कल वीमालेख, पूर्ण रूपले भरिएको दाबी फारम, सम्बन्धित प्राविधिकको प्रतिवेदन (पशु र पक्षीको हकमा मृत्यु प्रमाण-पत्र), नगरपालिका/गा.वि.स./वडाको सर्जमिन मुचुल्का वा माछा, पशुधन र पक्षीको हकमा कम्तिमा सबैभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का जस्ता आवश्यक कागजातले वीमा प्रक्रियामा थप जटिलता थपेको छ । सामान्य किसानले यस्ता कागजात जुटाउन नसक्ने हुँदा वीमा रकम पाउन सहज नभएको एकातिर छ भने अर्कोतिर प्रक्रियामा र रकम भुक्तानीमा ढिलासुस्ती हुने गरेको पाइन्छ ।

## ५. अध्ययनको निचोड

भविष्यमा हुन सक्ने विभिन्न किसिमका जोखिमलाई एक पक्षबाट अर्को पक्षमा हस्तान्तरण गर्ने एउटा प्रक्रियाको रूपमा रहेको वीमालाई कम्पनी र वीमा गराउने व्यक्ति, परिवार, कृषक समूह, कृषक समिति वा कृषक सहकारीबीच गरिएको लिखित करारको रूपमा बुझ्न सकिन्छ । वीमाले कृषि र पशुसम्बन्धी विभिन्न प्रकारका जोखिमको रक्षावरण गर्दछ । त्यस्तै कृषि र पशुको क्षेत्रमा आकर्षण बढाउँदै यसतर्फ लाग्न प्रेरित गर्न र देशलाई कृषि तथा पशुजन्य पदार्थमा पूर्ण रूपले आत्मनिर्भर गराउन विभिन्न अनुदान कार्यक्रम ल्याइएका छन् ।

किसानको कृषि विकासको लागि स्थान र कृषक सुहाउँदो उन्नत प्रविधि, समयमा नै गुणस्तरीय कृषि सामग्रीको व्यवस्था, कृषि उपज बेचबिखन गर्न व्यवस्थित कृषि बजारको संरचना साथै कृषिसम्बन्धी उपयुक्त नीति नियमको आवश्यकता पर्दछ । कृषकलाई कृषि तथा पशुपालन व्यवसायमा उन्नत प्रविधि बनाउन, आफ्नो व्यवसायमा संलग्न कृषकको आत्मविश्वास बढाउन उनीहरुको क्षमता अभिवृद्धिमा जोड दिन यस्ता कार्यक्रमको भूमिका धेरै महत्वपूर्ण छ ।

कृषि र पशुमा ल्याइएका वीमा तथा अनुदान कार्यक्रमले हाम्रो जस्तो कृषिप्रधान देशका किसानमा केही आशा जगाए पनि विविध चुनौतीले गर्दा लक्षित उद्देश्य प्राप्त गर्न सकिएको छैन । कृषकहरुले राज्यबाट पाउने विभिन्न सेवा, सुविधा जस्तै अनुदान, वीमा, बजार व्यवस्थापन, प्रविधि र प्राविधिक सहयोगसँग सम्बन्धित राज्यका विद्यमान कार्यनीतिबारे नेपालका अधिकांश साना किसानले सूचना पाएका छैनन् साथै यस्ता सेवा सुविधामा महिला, विपन्न, दलित र सीमान्तकृत किसानको पहुँच पुग्न सकेको छैन ।

अहिलेको अवस्थामा कृषिका मुख्य समस्याको वास्तविक पहिचान गरी बदलिएको सन्दर्भ अनुरूपका कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । अबको कृषिको बाटो सहज बनाउने हो भने साना किसानकै हकहितलाई ध्यानमा राख्नुपर्दछ । तल्लो तहसम्मका समस्यालाई ध्यानमा राखी वास्तविक किसानको मर्म अनुरूपका कार्यक्रम ल्याइएमा मात्र यस्ता कार्यक्रम सार्थक हुनेछन् । प्रक्रियालाई सरल र सहज बनाउने, व्यावहारिक कार्यविधि लागू गर्ने, अनुदान उपलब्ध गराएपछि

अनुगमन गरी प्रोत्साहन र सजायको व्यवस्था गर्ने, महिलामैत्री कार्यक्रममा जोड दिने, लक्षित समुदायमा कृषि सम्बन्धी तालिमको व्यवस्था गरिनुपर्ने, लक्षित समुदायका विपन्नलाई विशेष प्राथमिकता दिनुपर्नेजस्ता विषयमा पहल गरी सुधार ल्याउनुपर्दछ ।

अधिकांश जनताको मुख्य पेशाको रूपमा रहेको कृषि क्षेत्रमा बजेट थप गरी बीमा तथा अनुदानमा थप आर्थिक प्रोत्साहन गर्नुपर्दछ । राज्यले कृषकको सहयोगका लागि ल्याएका कार्यक्रमको सदुपयोग गर्नुका साथै व्यवसायीकरण र साना किसानको जीवनस्तर उकास्ने बीच उचित सन्तुलन कायम राख्नुपर्ने देखिन्छ । प्रायजसो अनुदानका कार्यक्रम अधिकांश साना किसानको जीविकोपार्जन, आयस्रोत र खाद्य सुरक्षाको लागि दिगो कृषि, प्राकृतिक स्रोत व्यवस्थापन र जैविक विविधताको संरक्षणमा आधारित हुनुपर्दछ । त्यसैगरी भौगोलिक बनावटलाई ध्यानमा राखी सोही अनुसारको प्रविधिमा जोड दिँदै किसानलाई प्राविधिक रूपमा दक्ष बनाउनुपर्दछ । राज्यले बजारको सुनिश्चितता गर्दै कार्यक्रमको अनुगमन समेत गरी उचित कार्यान्वयनको लागि पहल गर्नुपर्दछ ।

हालसम्म खड्किएका शर्त एवं मापदण्डमा पुनर्विचार गरी वास्तविक किसानको हितमा कार्यविधि निर्माण गर्नुपर्दछ । हालसम्म बनेका कार्यविधिलाई थप सरल बनाउँदै हरेक वर्गका किसानको पहुँचमा पर्ने गरी चेतनाका लागि तालिम र प्रचारप्रसारको अभियान चलाउनुपर्दछ । यस्ता कार्यक्रमलाई राजनैतिक तथा अन्य बाह्य हस्तक्षेपबाट सकभर टाढा कृषि पेशालाई सम्मानजनक पेशाको रूपमा स्थापित गर्दै सकारात्मक परिवर्तनका लागि कृषिमा आत्मनिर्भर हुनुको विकल्प छैन ।

हाम्रो देशको परिप्रेक्ष्यमा स्थानीय स्तरमा खाद्य उत्पादन तथा न्यायपूर्ण वितरणसँगै जोडिएको खाद्य सुरक्षा प्रवर्द्धन गर्न बीमा तथा अनुदानको महत्वपूर्ण भूमिका रहने देखिएको छ । किसानको उत्पादन लागत घटाउनुका साथै जोखिम नियन्त्रण गर्दै सहुलियत दिने सन्दर्भमा यस्ता प्रावधानले टेवा पुऱ्याउने देखिन्छ । यस्ता सहुलियतले किसानलाई आर्थिक समृद्धिको बाटोतर्फ अग्रसर गराई आत्मनिर्भर खेती प्रणालीमा लाग्ने सामर्थ्य अभिवृद्धि गर्ने हुँदा यस्ता प्रावधानलाई सरल बनाउँदै हरेक वर्गका किसानको पहुँचमा पुऱ्याएमात्र खाद्यमा सुरक्षित हुन सकिन्छ ।

## ६. सन्दर्भ सामग्री

**Hurt, R.D.** 2010. American and Chinese Agricultural Policy since 1949: An Overview. Procedia Social and Behavioral Sciences **41**, 6692-6701

**Stuart, K. and Runge, C.F.** 1997. Agricultural policy reform in the United States: an unfinished agenda. The Australian Journal of Agricultural and Resource Economics, **41**:1, pp. 117-136

**Sumner, D. A.** 2007. Farm subsidy tradition and modern agricultural realities. Washington, D.C.American Enterprise Institute. Retrieved at 15 april 2017 from http://aic.ucdavis.edu/research/farmbill07/aeibriefs/20070515_sumnerRationalesfinal.pdf

**Kaur, R. and Sharma, M.** 2012. Agricultural Subsidies in India Boon or Curse. Journal of Humanities and Social Science (JHSS). **2** (4) PP 40-46

**Wiggins, S. and Brooks, J.** 2010. The Use of Input Subsidies in Developing Countries. Global Forum on Agriculture. Policies for Agricultural Development, Poverty Reduction and Food Security OECD Headquarters, Paris. Retrieved -15 April 2017 from https://www.oecd.org/tad/agricultural-policies/46340359.pdf

**The World Bank.** 2009. Agricultural Insurance, Iturroiz. R., Primer Series on Insurance, Issue 12. Retrieved -20th April, 2017 from http://siteresources.worldbank.org/FINANCIALSECTOR/Resources/Primer12_ Agricultural_ Insurance.pdf)

**GoN.** 2015. Nepal Portfolio Performance Review (NPPR) 2015, MOAD. Kathmandu, Singhdurbar.

**GoN.** 2015. Agriculture Development Strategy (ADS) 2015-2035. Kathmandu, Singhdurbar.

**कृषि विभाग** । २०७३ । कृषि तथा पशु वीमासम्बन्धी विभिन्न सूचना, कृषि विकास मन्त्रालय, कृषि विभाग, हरिहरभवन, ललितपुर, स्रोतः http://www.doanepal.gov.np/ne/content.php?id=184

**कृषि विकास मन्त्रालय** । २०६० । कृषि नीति २०६१, कृषि विकास मन्त्रालय, काठमाडौं, सिंहदरबार

**नेपाल सरकार** । २०७० । कृषि सम्बन्धी नीतिहरुको संगालो, कृषि विकास मन्त्रालय, योजना शाखा, सिंहदरबार, काठमाडौं स्रोतः http://www.doanepal.gov.np/downloadfile/Agriculture%20policies%20collection_1390974375_1413183863_1435209860.pdf

**नेपाल सरकार** । २०७० । बाली तथा पशुपक्षी वीमा ऐन नियम संगालो, कृषि विकास मन्त्रालय, कृषि सूचना तथा सञ्चार केन्द्र, हरिहरभवन, ललितपुर

**नेपाल सरकार** । २०७३ । आर्थिक वर्ष २०७३/७४ को कृषि क्षेत्रको वार्षिक बजेट तथा कार्यक्रम, काठमाडौं, सिंहदरबारे ।